# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ पुस ७ गते

## नन्दप्रसाद अधिकारीको दाहसंस्कारको व्यवस्था गर

आफ्नो छोराको हत्यासम्बन्धी घटनाका दोषीहरूलाई फौजदारी अभियोगमा मुद्दा चलाउन माग गर्दै गोरखा फुजेल गाविस- वडा नं. ७ का नन्दप्रसाद अधिकारीको आमरण अनसन बसिरहेको अवस्थामा २०७१ साल असोज ६ गते वीर अस्पतालमा मृत्यु भएको र हालसम्म पनि उहाँको काजक्रिया हुन नसकेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको पुनः गम्भीर ध्यानाकर्षण भएको छ ।

उहाँको छोरा कृष्णप्रसाद अधिकारीलाई तात्कालीन बिद्रोही नेकपा माओवादीका कार्यकर्ताले अपहरण गरी हत्या गरेको र सो घटनापछि उहाँको परिवार आन्तरिक रूपमा विस्थापित भई न्यायप्राप्तिका लागि लामो समयसम्म संघर्षरत रहेकै अवस्थामा उहाँको मृत्यु हुनु र हालसम्म पनि सांस्कृतिक परम्पराअनुसार उहाँको दाहसंस्कार हुन नसक्नु मानव अधिकारको दृष्टिकोणले अत्यन्त दुःखद र दुर्भाग्यपूर्ण अवस्था हो ।

यस सम्बन्धमा २०७१ साल असोज ३१ गते नेपाल सरकारले नन्दप्रसाद अधिकारीकी धर्मपत्नी गंगामाया अधिकारी समक्ष उहाँको पतिको स-सम्मान दाहसंस्कार गर्ने र छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्नलाई अविलम्ब कारबाही गर्नेलगायतका ५ बुँदे लिखित प्रतिबद्धता गरेको स्मरण गराउँदै 'नेपालको अन्तरिम संविधान, २०६३' को धारा २३ को धर्मसम्बन्धी हक र 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि' को धारा २७ मा उल्लिखित धार्मिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रावधानअनुरूप उहाँको धार्मिक परम्पराअनुसार दाहसंस्कारका लागि आवश्यक वातावरण यथाशीध्र तयार पार्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

आयोगले उक्त घटनाको अनुसन्धान गरी दोषीउपर फौजदारी अभियोगमा कारबाही चलाउन र पीडित परिवारजनलाई क्षतिपूर्ति दिन नेपाल सरकारलाई २०६४ साल चैत २३ गते सिफारिस गरेको र सो हत्या प्रकरणसम्बन्धी अनुसन्धान प्रक्रिया अघि बढाउन निर्देशन दिँदै आयोगले 'प्रधानमन्त्री तथा मन्त्रिपरिषद' को कार्यालयलाई २०७० साल साउन २८ गते पत्राचार गरेको पनि स्मरण गराउन चाहन्छ ।



.......................
मोहना अन्सारी
प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org